नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ४०६

मितिः२०८२/०२/२६

नेपाल संवत् ११४५

विषयः- एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्रविधिकको पारिश्रमिकका लागि बजेट व्यवस्थापन सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखाको प.सं. २०८१/०८२, च.नं. १५६, मिति २०८२/०२/२६ को एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्रविधिकको पारिश्रमिकका लागि बजेट व्यवस्थापन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२/२६

....................

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहायता समन्वय महाशाखा, सिंहदरवार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## योजना तथा विकास सहायता समन्वय महाशाखा
(बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.ब.का.०८१/८२
च.नं. : १५६

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मिति: २०८२/०२/२६

विषयः एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिकको पारिश्रमिका लागि बजेट व्यवस्थापन सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सङ्घीय मामिला महाशाखा,
स्थानीय तह समन्वय शाखा,
सिंहदरवार, काठमाण्डौ।

प्रस्तुत विषयमा 'एक गाउँ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि २०७३' र 'एक गाउँ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३' अनुसार आर्थिक वर्ष २०७२/७३ देखि कार्यान्वियनमा रहेको "एक गा.वि.स. एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रम" अन्तर्गत साविकको जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट रा.प.अनं. द्वितिय श्रेणी, प्राविधिक सहायक करार पदमा नियुक्त भई कार्यरत रहेका प्राविधिकहरुको राज्य पुनर्संरचनासँगै साविकका गा.वि.स.हरु हाल जुन स्थानीय तहमा समायोजन भए सोही स्थानीय तहमा काम काज गर्ने गरी व्यवस्थापन भएको सन्दर्भमा कतिपय प्राविधिकहरुको करार आफ्नो व्यक्तिगत कारण वा अन्य कारणले निरन्तरता हुन नसकेको जानकारी अनुसार यस मन्त्रालयको प.सं. ०८१/८२, च.नं. यो.ब.का. ७६६, मिति २०८१/०८/२८ गतेको पत्रबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा पत्राचार भई आर्थिक वर्ष २०७२/७३ मा नियुक्त भई हाल कार्यरत रहेका प्राविधिकहरुको विवरण माग भएको।

सोही बमोजिम मन्त्रालयमा प्राप्त विवरणका आधारमा साविक जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट नियुक्त भई सेवा निरन्तरता गरिरहेका प्राविधिकहरुको पारिश्रमिकका लागि यस मन्त्रालयबाट चालु आ.व. ०८१/८२ मा भएको बजेट विनियोजन अनुसार नै आगामी आ.व २०८२/८३ को लागि सशर्त वित्तिय हस्तान्तरणमार्फत प्रति प्राविधिकको वार्षिक अवधिमा हुन आउने कुल पारिश्रमिकको चालिस (४०%) प्रतिशत रकममात्र बजेट विनियोजन भएकाले स्थानीय तहबाट कृषि प्रसार सेवा अभिवृद्धिका लागि आ.व. २०७२/७३ देखि करार सेवामा नियुक्त भई निरन्तर प्राविधिक सेवा पुर्याईरहेका प्राविधिकहरुको सेवा निरन्तरताका लागि पारिश्रमिकतर्फ बाँकी साठ्ठी प्रतिशत (६०%) रकम सम्वन्धित स्थानीय तहबाट नै व्यवस्था हुन अनुरोधका लागि तँहा मन्त्रालय मार्फत स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन मिति २०८२/०२/२५ गतेको सचिवस्तरीय निर्णायानुसार अनुरोध छ।

........................
दिलिप जंग राना
कृषि अर्थ विज्ञ